धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १२० ◆ २०८३ कात्तिक २९ आइतबार ◆ Sunday, November 15, 2026 ◆ ने सं ११४७ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

पार्टीका लागि निरन्तर योगदान गर्छु : पूर्वप्रधानमन्त्री देउवा

❑ *प्रत्यूष समाचारदाता*



ललितपुर । पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका पूर्वसभापति शेर बहादुर देउवाले व्यक्तिगत पद र प्रतिष्ठाभन्दा देश, जनता र पार्टीप्रतिको जिम्मेवारी ठूलो भएको बताउनुभएको छ ।

कांग्रेसको देउवा समूहको ललितपुरको १५औँ नियमित जिल्ला अधिवेशनको शनिबार महालक्ष्मी स्थानमा उद्घाटन गर्दै उहाँले आफूलाई अब कुनै पदको अपेक्षा नरहेको र पार्टी तथा देशका लागि निरन्तर योगदान गर्ने बताउनुभयो। कांग्रेस जनताको त्याग र बलिदानबाट स्थापित पार्टी भएकाले कसैले आफ्नो स्वार्थ अनुसार नियन्त्रण गर्न नसक्ने उल्लेख गर्दै उहाँले पार्टीको इतिहास र विरासतको सम्मान गर्दै एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो। पार्टीभित्रका विवाद र विशेष महाधिवेशनसम्बन्धी विषय विधि, विधान र न्यायिक प्रक्रियाबाट समाधान गर्नुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा कांग्रेस नेता मदनबहादुर अमात्य, राष्ट्रियसभा सदस्य जीतजङ्ग बस्नेत, बागमती प्रदेशका पूर्वमन्त्री उर्मिला केसी नेपाल र निवर्तमान क्षेत्रीय सभापति महेश्वर थापाले पार्टीको आन्तरिक एकता, नियमित महाधिवेशन र सक्षम नेतृत्व चयनमा जोड दिनुभयो ।

संरक्षण नहुँदा खण्डहर बन्दै रसुवाको सीता गुफा

❑ *प्रत्यूष समाचारदाता*

रसुवा । रसुवाको गोसाइँकुण्ड गाउँपालिका-६ बोकेझुण्डास्थित ऐतिहासिक तथा धार्मिक महत्व बोकेको 'सीता गुफा' अर्थात् 'साङतोरमो' संरक्षणको अभावमा जीर्ण बन्दै गएको छ ।

सदरमुकाम धुञ्चेबाट पाँच किलोमिटरको दूरीमा रहेको पासाङल्हामु राजमार्गभन्दा करिब ३० मिटर तल पुरानो मूल बाटोमा अवस्थित उक्त गुफा सम्बन्धित निकायको चासो नपुग्दा झाडीले ढाकिएर खण्डहर बन्न थालेको हो ।

पासाङल्हामु राजमार्ग निर्माण हुनुअघि यही पुरानो गोरेटो बाटो भएर मानिसहरू आवतजावत गर्दथे । हाल उक्त बाटोमा मानिसको हिँडुल बन्द भए पनि पुरानो बाटोका डोबहरू अझै बाँकी रहेका स्थानीय बताउँछन् । स्थानीय शिक्षक रामरत्न लोप्चन ढलेका अनुसार परापूर्वकालमा भोट (तिब्बत) बाट नुन साट्न बेँसी झर्ने मुख्य मार्ग यही थियो । "मैले थाहा पाउँदासम्म यही बाटो धेरै पटक हिँडेको छु । तत्कालीन राजा वीरेन्द्र पनि यही बाटो भएर हिँड्नुभएको थियो", ढलेले भन्नुभयो, "राजमार्ग बनेपछि पुरानो बाटो सुनसान भयो र गुफा पनि ओझेलमा पर्यो ।" तामाङ भाषामा 'साङतोरमो' भनिने यस गुफाको नामाकरण बौद्ध भिक्षुणी (आनी)सँग जोडिएको छ । स्थानीय जानकार घलेका अनुसार यो गुफा रामायणकी सीतासँग नभई बौद्ध (लामा) धर्मग्रन्थको अनुशरण गर्दै शान्तिको खोजीमा तपस्या गर्न आएकी आनी सीतासँग सम्बन्धित छ । "परापूर्वकालमा गुरु रिम्पोछेका चेलीहरू डोल्मा, सोनाम र सीता गरी तीन जना भिक्षुणीले यस गुफामा बसेर ध्यान तथा तपस्या गरेको किंवदन्ती छ । ध्यानपछि गुफाको सिरानमा बसेर घाम ताप्ने र दर्शन गर्न आउने भक्तजनलाई आशीर्वाद दिने गरिन्थ्यो भन्ने यहाँका ज्येष्ठ नाथरिक बताउँछन्", उहाँले भन्नुभयो । गुफाभित्र ढलान गरेजस्तो चिल्लो ढुङ्गाको भित्तामा लामा लिपिमा लेखिएका अक्षरहरू अझै देख्न सकिन्ने घलेले जानकारी दिनुभयो । उहाँका अनुसार गुफा वरपर तत्कालीन समयमा भिक्षुणी हरूले प्रयोग गरेका ढिकी, हलो, ओदान, मान्द्रोलगायत सामग्रीहरू अझै सुरक्षित छन् । तामाङ समुदायको बसोबास रहेको बोकेझुण्डाको नामाकरणसँग राणाकालीन इतिहास जोडिएको छ । जङ्गबहादुर राणाको पालामा गोसाइँकुण्ड जाने क्रममा उनका सेनाले बाटोमा भेटिएको बाघलाई मारेर त्यहाँको करिब ५०० वर्ष पुरानो चाँपको रुखमा झुण्ड्याएका थिए । सुरुमा 'बाघझुण्डा' भनिए पनि पछि बोलिचालीको भाषामा अपभ्रंश हुँदै 'बोकेझुण्डा' रहन गएको स्थानीय बताउँछन् । ऐतिहासिक चाँपको रुख गत असार ६ गते आफैँ ढलेको घलेले जानकारी दिनुभयो । सोही स्थानमा काठमाडौँको हनुमानढोकाबाट १९ कोषको दूरीमा रहेको व्यहोरा उल्लेखित शिलालेख अझै जीवन्त छ । काठमाडौँबाट ११३ किलोमिटरको दूरीमा रहेको यस क्षेत्रमा २०७२ सालको भूकम्पले पुराना शैलीका घरहरू भत्काएपछि स्थानीय बासिन्दा राजमार्ग छेउछाउ बसाइँ सरेका छन् ।

स्थानीय सरकार गठन भएपछि गाउँको मौलिक संस्कृति, कृषि र ऐतिहासिक सम्पदाको संरक्षण हुने अपेक्षा गरिए पनि कसैले चासो नदिएको स्थानीय माछा पालक कृषक ल्वाङ ग्याल्बो घलेको गुनासो छ ।

पार्टीमै रहेर अन्य दललाई मत दिनेलाई कारवाही गरिने अध्यक्ष ओलीको चेतावनी



काठमाडौँ । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीमा रहेर अन्य दलका उम्मेदवारलाई मत दिएको प्रमाण भेटिए त्यस्ता सदस्यलाई कारवाही गरिने बताउनुभएको छ । एमालेको बागमती प्रदेश सङ्गठन कमिटीको तेस्रो पूर्ण बैठकलाई शनिबार च्यासलमा सम्बोधन गर्दै उहाँले पार्टीमा रहेर अन्य दललाई मत दिने प्रवृत्ति अन्त्य गर्नुपर्ने बताउनुभयो । त्यस्तो गतिविधिमा संलग्न भएको पाइएमा स्पष्टीकरण सोध्ने, छानबिन गर्ने र दोषी देखिए कार वाही गर्ने उहाँको भनाइ थियो ।

अध्यक्ष ओलीले स्थानीय तहको निर्वाचन नजिकिएकाले पार्टीभित्रका अन्तर्विरोध आपसी छलफल बाट समाधान गरी एकताबद्ध भएर निर्वाचनमा केन्द्रित हुन नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभयो । उहाँले पार्टीका सबै तहका नेता तथा कार्यकर्तालाई सक्रिय हुन आग्रह गर्दै पार्टीमा र हेर बेइमानी गर्ने छुट कसैलाई नभएको बताउनुभयो ।

एमालेका सचिव एवं बागमती प्रदेश इञ्चार्ज महेश बस्नेतले बैठकमा आगामी स्थानीय तहको निर्वाचनको तयारी तथा मङ्सिर २ र ३ गते काठमाडौँमा आयोजना हुने भेलाको तयारीबारे छलफल हुने जानकारी दिनुभयो । बैठक आइतबार (आज) दिउसो सम्म सञ्चालन हुनेछ ।

कपिलवस्तुका ७० स्थानमा छठघाट निर्माण

❑ *प्रत्यूष समाचारदाता*

कपिलवस्तु । आस्था, श्रद्धा र सद्भावको पर्व छठ मनाउन कपिलवस्तुका १० स्थानीय तहका ७० स्थानमा छठघाट निर्माण गरिएको छ । नदी, खोला, पोखरी तथा नहरलगायत जलाशयमा स्थानीय तह, वडा कार्यालय र श्रद्धालुहरूको पहलमा छठघाट निर्माण गरी पूजाको तयारी गरिएको हो ।

शुक्रबारदेखि विधिवत् रूपमा सुरु भएको छठपर्वका लागि विभिन्न स्थानमा पूजा पाठसमेत सुरु भइसकेको छ । आइतबार अस्ताउँदो र सोमबार (भोली) उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठ पर्व मनाउने तयारीमा श्रद्धालुहरू जुटेका छन् । जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका अनुसार जिल्लाका १० वटै पालिकाका ७० स्थानमा छठघाट निर्माण गरी पूजा गर्ने तयारी गरिएको छ ।

केही वर्षअघिसम्म सीमित क्षेत्रमा सामान्य रूपमा मनाइने छठपर्व पछिल्लो समय जिल्लाभर विस्तार हुँदै गएको छ । विशेषगरी नदी, खोला तथा पोखरी किनारमा सामूहिक रूपमा छठ मनाउने प्रचलन बढ्दै गएको छ ।

कपिलवस्तु नगरपालिका-३ स्थित रामघाटमा नदीको वारि र पारि दुवैतर्फ छठ पूजाका लागि बेदी निर्माण तथा सजावट गरिएको छ ।

वारितर्फ कपिलवस्तु नगरपालिका र पारितर्फ बुद्धभूमि नगरपालिका-१० को पहलमा



छठघाट निर्माण गरिएको हो । रामघाट छठ पूजा समितिका संयोजक सन्तोष गुप्ताले पूजाका लागि सरसफाइ, बेदी निर्माण, सजावट तथा बत्तीको व्यवस्था गरिएको जानकारी दिनुभयो । त्यस्तै, कपिलवस्तु नगरपालिका-३ चप्परतल्ला स्थित जमुहरा नालामा पनि छठ पूजाको तयारी पूरा गरिएको छ । त्यहाँ छठ पूजा समितिका सन्तोष पाण्डेयले बेदी निर्माण र सजावटको काम सम्पन्न भएको बताउनुभयो । उहाँले पूजास्थलमा फोहर व्यवस्थापनको समस्या दीर्घकालीन रूपमा समाधान गर्न नगरपालिकासँग आग्रह गर्नुभयो । जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक मनोहर भट्टले जिल्लाका सबै छठ घाटमा शान्ति सुरक्षा कायम गर्न आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी परिचालन गरिने बताउनुभयो ।

निधि भवन राजर्षी जनक हस्तान्तरण

जनकपुरधाम । सरकारले जनकपुर धामस्थित महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक भवन राजर्षी जनक विश्वविद्यालयलाई हस्तान्तरण गरेको छ ।

सरकारको निर्णयअनुसार भवनका सम्पूर्ण भौतिक संरचना विश्वविद्यालयलाई हस्तान्तरण गरिएको हो । भवन प्राप्त भएसँगै स्थापनाको नौ वर्षदेखि भाडाको घरबाट सञ्चालन हुँदै आएको विश्वविद्यालयले आफ्नै शैक्षिक तथा प्रशासनिक गतिविधि सञ्चालन गर्ने पूर्वाधार पाएको छ । विश्वविद्यालय र निधि भवन दुवैको स्थापनामा भूमिका निर्वाह गर्नुभएका पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले शनिबार भवनको अवलोकन गर्नुभयो । सो अवसरमा उहाँले भवन हस्तान्तरणबाट विश्वविद्यालयको शैक्षिक गतिविधि विस्तारमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै खुसी प्रकट गर्नुभयो । उहाँले दुवै संस्थालाई एउटै छातामुनि राख्ने आफ्नो चाहना पूरा भएको उल्लेख गर्दै सङ्घीय सरकारको निर्णयप्रति आभार व्यक्त गर्नुभयो ।

सम्पदा चोरी नियन्त्रण र हराएका वस्तु फिर्ता ल्याउन कामपाको पहल

काठमाडौँ । काठमाडौँ महानगर पालिकाले सांस्कृतिक सम्पदाको चोरी, क्षति तथा अवैध ओसार-पसार नियन्त्रण गरी हराएका प्राचीन वस्तु फिर्ता ल्याउन नमुना फाउन्डेसनसँग सहकार्य थालेको छ ।

सम्पदाको पहिचान, अभिलेखीकरण, संरक्षण तथा चोरी भएका वस्तुको पुनःप्राप्तिका लागि महानगरपालिकाले फाउन्डेसनसँग समझदारी गरेको हो । महानगर पालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले समुदायको क्षमता विकास र चेतना अभिवृद्धिमार्फत काठमाडौँको सांस्कृतिक पहिचान जोगाउने उद्देश्यले सहभागिता मूलक कार्यक्रम अघि बढाइएको समेत बताउनुभयो । समझदारी अनुसार महानगर क्षेत्रभित्रका सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाको संरक्षण, जीर्णोद्धार, मर्मतसम्भार, अभिलेखी करण र सुरक्षा प्रवर्द्धनका काम गरिनेछ । सम्पदा क्षेत्रका मूर्ति, कलाकृति तथा अन्य प्राचीन वस्तुको चोरी र अवैध ओसारपसार रोक्नुका साथै हराएका वस्तुको पहिचान र पुनःप्राप्तिका लागि पहल गरिनेछ ।

सो क्रममा कार्यवाहक प्रमुख डङ्गोलले यसअघि विभिन्न निकाय बाट छरिएर भइरहेका सम्पदा संरक्षणका कामलाई एकीकृत गरी महानगरपालिकाको नेतृत्वमा अघि बढाउन समझदारी गरिएको बताउनुभयो । उहाँले जनप्रतिनिधि, कर्मचारी, सम्पदा क्षेत्रमा कार्यरत जनशक्ति र समुदायलाई सम्पदाको पहिचान तथा संरक्षणप्रति सचेत बनाउने कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो ।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालले समझदारीपछि सहभागिता मूलक कार्यक्रम सञ्चालनका लागि संस्थागत तथा कानुनी आधार तयार भएको बताउनुभयो ।

सोही अवसरमा सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान सङ्गतले काठमाडौँलाई खुला सङ्ग्रहालयका रूपमा चिनाउने ऐतिहासिक सम्पदाको पहिचान र संरक्षणमा महानगरपालिकाले नेतृत्व लिनुपर्ने बताउनुभयो । उहाँले सहरका गल्ली र चोकमा रहेका प्राचीन वस्तुको समेत अभिलेखी करण आवश्यक रहेको उल्लेख गर्नुभयो ।

नमुना फाउन्डेसनका अध्यक्ष रवीन्द्र पुरीले हराएका तथा चोरी भएका सांस्कृतिक वस्तु फिर्ता ल्याउने अभियान सन् २००३ देखि सुरु गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार पछिल्लो पाँच वर्षमा ११८ वटा मूर्ति फिर्ता ल्याइएको छ । महानगर पालिका सँगको सहकार्यमा आगामी पाँच वर्षभित्र एक हजार प्राचीन वस्तु फिर्ता ल्याउने लक्ष्य राखिएको उहाँले बताउनुभयो ।

सम्पादकीय ....

सन्दर्भ छठ पर्वको

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक विशेषता बोकेको देश हो । यहाँ विभिन्न जातजाति र समुदायले आ-आफ्नै परम्परा र संस्कृतिअनुसार चाडपर्व मनाउँदै आएका छन् ।

यस्तै धार्मिक तथा सांस्कृतिक महत्व बोकेको पर्वमध्ये छठ पर्व पनि एक हो । विशेषगरी तराई-मधेस क्षेत्रमा धुमधामका साथ मनाइने छठ पर्व पछिल्लो समय पहाडी तथा हिमाली क्षेत्रमा समेत लोकप्रिय बन्दै गएको छ ।

छठ पर्व सूर्यदेव र छठी माताको पूजा आराधना गरी मनाइने महत्वपूर्ण पर्व हो । यस पर्वमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य तथा परिवारको कल्याणको कामना गरिन्छ । विशेषगरी महिलाहरूले परिवारको सुख, समृद्धि र सन्तानको दीर्घायुको कामना गर्दै कठिन व्रत बस्ने परम्परा छ । छठ पर्व चार दिनसम्म विभिन्न धार्मिक विधि र परम्पराअनुसार मनाइन्छ ।

यस पर्वको पहिलो दिन नुहाएर शुद्ध भई घर तथा पूजास्थल सफा गरिन्छ । दोस्रो दिन खरना मनाइन्छ । तेस्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ्य दिइन्छ भने चौथो दिन बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठ पर्वको समापन गरिन्छ । यस अवसरमा नदी, खोला, पोखरी तथा जलाशयका किनारमा भक्तजनको ठूलो भीड लाग्ने गर्दछ । बाँसका ढाकीमा फलफूल, नरिवल, उखु, ठेकुवा तथा अन्य पूजाका सामग्री राखेर सूर्यदेवको पूजा गर्ने परम्परा छ ।

छठ पर्व धार्मिक आस्थासँगै प्रकृति र वातावरण संरक्षणको सन्देश दिने पर्व पनि हो । सूर्य र पानीलाई जीवनको आधारका रूपमा सम्मान गर्दै मनाइने यस पर्वले प्रकृतिप्रतिको हाम्रो निर्भरता र कृतज्ञतालाई उजागर गर्दछ । यसले मानिसलाई अनुशासन, संयम, त्याग र धैर्यको महत्वसमेत सिकाउँछ ।

पछिल्लो समय छठ पर्वले सामाजिक सद्भाव र राष्ट्रिय एकताको सन्देश पनि फैलाउँदै आएको छ । विभिन्न जातजाति, भाषा र धर्म मान्ने समुदायका मानिसहरू एकै ठाउँमा भेला भएर पर्व मनाउने तथा एकअर्कालाई सहयोग गर्ने परम्परा बढ्दै गएको छ । यसले नेपाली समाजमा आपसी सद्भाव, भाइचारा र सहिष्णुता कायम गर्न महत्वपूर्ण भूमिका खेलेको छ । तर छठ पर्व मनाउने क्रममा नदी, खोला तथा पोखरीमा फोहोर फाल्ने, प्लास्टिकजन्य सामग्री प्रयोग गर्ने र जलस्रोत प्रदूषित बनाउने कार्य भने निरुत्साहित गर्न आवश्यक छ । स्थानीय सरकार, सुरक्षा निकाय, सामाजिक संघसंस्था तथा नागरिकले संयुक्त रूपमा घाटको सरसफाइ, खानेपानी, शौचालय, प्रकाश र सुरक्षाको उचित व्यवस्था गर्नुपर्छ । व्रतालु तथा भक्तजनको सुविधालाई ध्यान दिँदै दुर्घटना हुन नदिन आवश्यक सतर्कता अपनाउनुपर्छ ।

छठ पर्व हाम्रो धार्मिक आस्था, मौलिक संस्कृति र सामाजिक एकताको प्रतीक हो । यस पर्वको वास्तविक महत्वलाई बुझ्दै परम्परा र संस्कृतिको संरक्षण गर्नु हामी सबैको दायित्व हो ।

देखावटी खर्च र प्रतिस्पर्धाभन्दा पनि श्रद्धा, विश्वास, स्वच्छता र सद्भावका साथ पर्व मनाउन सके यसको महत्व अझ बढ्नेछ । त्यसैले छठ पर्वलाई धार्मिक आस्थासँगै वातावरण संरक्षण र सामाजिक एकताको उत्सवका रूपमा मनाउनु आजको आवश्यकता हो ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०, ९८५११२०८५०
Email : pratyushdainik@gmail.com

आस्था, प्रकृति र सामाजिक सद्भावको अनुपम उत्सव छठ पर्व



अजयकुमार साह

'केरवा जे फरल घउरस,
ओपर सुगा मडराय,
मारबौ रे सुगवा धनुषस,
सुगा गिरे मुरझाय' ।

छठ पर्वको यो लोकप्रिय लोकगीत यतिबेला मिथिलाञ्चलका गाउँसहरमा गुञ्जिरहेको छ । छठीमातालाई चढाइने पवित्र प्रसाद केरालाई चराचुरुङ्गीले नखाऊन् भन्ने भाव बोकेको यस गीतले छठको धार्मिक आस्था, पवित्रता र प्रकृतिप्रतिको प्रेमलाई एकसाथ अभिव्यक्त गर्छ ।

चार दिनसम्म विधिपूर्वक मनाइने छठ पर्व नजिकिएसँगै तराई-मधेसका गाउँबस्ती, सहर, बजार र जलाशयमा छुट्टै रौनक छाएको छ । घरआँगनदेखि नदी, पोखरी र तलाउसम्म सरसफाइ तथा सजावट ले उत्सवमय बनेका छन् । बजारमा बाँसका सामग्री, माटाका भाँडाकुँडा, फलफूल, उखु, अदुवा, केरा, नरिवललगायत पूजाका सामग्री किनमेल गर्नेको चहलपहल बढेको छ । घरबाट टाढा रोजगारी र अध्ययनका लागि गएका परिवारका सदस्यसमेत पर्व मनाउन घर फर्किन थालेपछि गाउँबस्तीमा पारिवारिक भेटघाट र आत्मीयताको माहोल बनेको छ ।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी भन्नुहुन्छ, "छठ केबल धार्मिक अनुष्ठान मात्र होइन, प्रकृति, कृषि, संस्कृति, सामाजिक सद्भाव र पारिवारिक एकताको जीवन्त प्रतीक पनि हो । प्रत्यक्ष देखिने देवता मानिने सूर्यको उपासना गर्दै मनाइने यस पर्वमा अस्ताउँदो र उदाउँदो दुवै सूर्यलाई समान श्रद्धाका साथ अर्घ्य अर्पण गरिन्छ । संसारलाई प्रकाश, ऊर्जा र जीवन प्रदान गर्ने सूर्यप्रति कृतज्ञता व्यक्त गर्नु नै यसपर्वको मूल भाव हो ।"

सूर्य उपासना र छठी माताको महिमा

छठ पर्वमा सूर्यदेवसँगै षष्ठी देवी अर्थात् छठी माताको पूजा गरिन्छ । पौराणिक मान्यताअनुसार षष्ठी माताले सन्तानको रक्षा गर्नुका साथै उनीहरूलाई स्वास्थ्य, दीर्घायु र सुख प्रदान गर्छिन् । सन्तान प्राप्ति, सन्तानको कल्याण, पारिवारिक सुख, शान्ति र समृद्धिको कामनासहित श्रद्धालु यस पर्वमा कठोर व्रत बस्ने गर्छन् । धार्मिक मान्यताअनुसार प्रकृति देवीको छैटौँ अंशका रूपमा षष्ठी देवीको उत्पत्ति भएको हो । त्यसैले उहाँलाई षष्ठी भनिएको र स्थानीय बोलीचालीमा छठीमाता भन्ने गरिएको विश्वास छ । पुराणमा षष्ठी देवीलाई ब्रह्माकी मानसपुत्री तथा कात्यायनीका रूपमा समेत उल्लेख गरिएको पाइन्छ ।

छठीमाताको पूजा सुरु भएको सम्बन्धमा राजा प्रियव्रतको पौराणिक कथा प्रचलित छ । सन्तान नहुँदा दुःखी भएका राजा प्रियव्रतले महर्षि कश्यपको सल्लाहमा पुत्रेष्टि यज्ञ गराएका थिए । यज्ञपछि जन्मिएको शिशु मृतावस्थामा जन्मिएपछि राजा शोकमा डुबेका थिए । त्यसैबेला दिव्य देवी प्रकट भई मृत शिशुलाई जीवन प्रदान गरेको धार्मिक कथन छ । देवीको कृपाबाट प्रभावित राजाले षष्ठी देवीको स्तुति गरेपछि छठ पूजाको परम्परा सुरु भएको जनविश्वास रहेको छ ।

सूर्यको उपासनाले आरोग्य, ऊर्जा, तेज, समृद्धि र सकारात्मक चेतना प्राप्त हुने धार्मिक विश्वास छ । रामायण र महाभारतकालीन कथासँग समेत सूर्य उपासनाको सम्बन्ध जोडिएको पाइन्छ । श्रीरामले रावणसँगको युद्धमा विजय प्राप्त गर्नुअघि आदित्य हृदयस्तोत्रको पाठ गरेको तथा श्रीकृष्णका पुत्र साम्बले सूर्यको उपासनाबाट कुष्ठरोगबाट मुक्ति पाएको पौराणिक प्रसङ्गले यस पर्वको धार्मिक महत्वलाई थप उजागर गर्छ ।

चार दिन, चार विधि र कठोर आस्था

छठ पर्वको विशेषता यसको चार दिवसीय विधि हो । पुरोहित लालबाबु झाका अनुसार कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने यसपर्वको प्रत्येक दिनको आफ्नै धार्मिक र सांस्कृतिक महत्व छ । चैत महिनामा पनि यही विधिअनुसार छठ मनाउने परम्परा छ, जसलाई चैती छठ भनिन्छ ।

पर्वको पहिलो दिनलाई 'नहाय-खाय' वा 'अरबा-अरबाइन' भनिन्छ । यस दिन व्रतालुहरू नदी, पोखरी तथा अन्य जलाशयमा स्नान गरी शुद्ध हुन्छन् । घरको सरसफाइ तथा पूजाको तयारी गरेपछि चोखो खाना ग्रहण गर्छन् । यस दिनदेखि नै व्रतालुले खानपानमा विशेष शुद्धता अपनाउँदै माछामासु, लसुन, प्याजलगायतका खाद्यवस्तु त्याग्ने गर्छन् । दोस्रो दिन अर्थात् पञ्चमीलाई 'खरना' भनिन्छ । यस दिन व्रतालुहरू दिनभरि निर्जला उपवास बसेर साँझ चन्द्रदर्शनपछि पूजा गर्छन् । नयाँ चुलोमा शुद्धतापूर्वक तयार पारिएको खीर, केरा र अन्य प्रसाद ग्रहण गरी परिवार तथा छरछिमेकलाई प्रसाद वितरण गरिन्छ । खरनापछि व्रतालुले कठिन निर्जला व्रत सुरु गर्छन् ।

तेस्रो दिन षष्ठीका दिनलाई 'सझिया घाट' भनिन्छ । यस दिन गहुँ र चामललाई परम्परागत जातो, ढिकी वा ओखलमा कुटेर तयार पारिएको पिठोबाट ठेकुवा, भुसुवा, कसारलगायतका प्रसाद बनाइन्छ । बाँसको सुप, डाला र अन्य भाँडामा उखु, नरिवल, केरा, अदुवा, फलफूल तथा विभिन्न कृषिउपज सजाएर साँझपख व्रतालु जलाशयमा पुग्छन् । अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गरी परिवारको सुख, शान्ति र समृद्धिको कामना गरिन्छ । पर्वको चौथो दिन सप्तमीमा बिहान सबेरै व्रतालुहरू पुनः जलाशयमा पुगेर उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्छन् । यसलाई 'पारन' भनिन्छ । बिहानको अर्घ्यसँगै चार दिन सम्मको कठिन व्रत सम्पन्न हुन्छ । त्यसपछि व्रतालुले प्रसाद ग्रहण गरी व्रत समापन गर्छन् ।

सामाजिक सद्भाव र समानताको सन्देश

छठ पर्वको सबैभन्दा सुन्दर पक्ष सामाजिक समावेशिता र समानताको सन्देश हो । जात, धर्म, वर्ग, लिङ्ग र आर्थिक अवस्थाका आधारमा कुनै भेदभाव नगरी सबै समुदायका मानिस एकै ठाउँमा भेला भएर सूर्यको आराधना गर्छन् । धनी-गरिब, सानो-ठूलो सबैले एउटै जलाशयमा उभिएर अर्घ्य अर्पण गर्ने परम्पराले सामाजिक समानता को सन्देश प्रवाह गर्छ ।

समाजशास्त्री नागेन्द्र दुबे सूर्य उपासनाको परम्परामा छठलाई विशिष्ट पर्वका रूपमा व्याख्या गर्नुहुन्छ । उहाँका अनुसार अस्ताउँदो र उदाउँदो दुवै सूर्यलाई समान श्रद्धाका साथ पूजा गरिने भएकाले संसारका अन्य सूर्य उपासना परम्पराभन्दा छठको विशेष महत्व रहेको छ । छठले सामाजिक सम्बन्धलाई बलियो बनाउने गरेको छ । वर्षौंदेखि भेटघाट हुन नसकेका आफन्त, साथीभाइ र छिमेकीलाई एकै ठाउँमा भेट्ने अवसर यस पर्वले प्रदान गर्छ । मधेशका समुदायको प्रमुख पर्वका रूपमा सीमित छठ अहिले राष्ट्रिय पहिचानको पर्व बन्दै गएको छ । पहाडी समुदायका महिला तथा अन्य समुदायका मानिससमेत श्रद्धापूर्वक छठ मनाउन थालेका छन् । कतिपय मुस्लिम समुदायका व्यक्तिहरू पनि यस पर्वको व्यवस्थापन र सामाजिक गतिविधिमा सहभागी हुने गरेका छन् । यसले छठलाई धार्मिक आस्थासँगै सामाजिक एकताको साझा उत्सवका रूपमा स्थापित गर्दै लगेको छ ।

सीपको जीवन्त सङ्गम

प्राज्ञ रामभरोस कापडीका अनुसार छठ पर्वले स्थानीय कृषि उत्पादन, परम्परागत सीप र ग्रामीण अर्थतन्त्रलाई जोडेको छ । उहाँले पर्वका लागि आवश्यकपर्ने सामग्री मध्ये अधिकांश स्थानीय किसान, कुम्हाले र बाँसका हस्तकला सामग्री बनाउने समुदाय को श्रमसँग सम्बन्धित रहेको बताउनुभयो । माटाका कलश, दियो, हात्ती तथा अन्य सामग्री कुम्हाले समुदायले तयार गर्छन् भने बाँसको चोयाबाट बनाइने सुप, डाला, नाङ्लो, डगरा, सुपली, छैँटी र बेनालगायतका सामग्री डोम समुदायका हस्तकर्मीले तयार पार्छन् । त्यस्तै, किसानले उत्पादन गरेका केरा, उखु, अदुवा, नरिवल, फलफूल, गहुँ र चामलसमेत पूजाका प्रमुख सामग्रीका रूपमा प्रयोग हुन्छन् । गहुँको पिठोबाट बनाइने ठेकुवा, चामल र सक्खरबाट तयार पारिने खीर तथा अन्य परम्परागत परिकारले मिथिला को मौलिक खानपान संस्कृतिलाई उजागर गर्छन् । पर्वका अवसरमा गाउँसहरका सडक किनारमा लाग्ने बजारले स्थानीय उत्पादन र हस्तकलालाई उपभोक्तासम्म पुर्याउने अवसर प्रदान गर्छ । यसले किसान, व्यापारी, कुमाले, बाँसका सामग्री निर्माता तथा साना व्यवसायीको आम्दानी बढाउन सहयोग पुर्याउँछ ।

प्रकृतिप्रति संरक्षणको सन्देश

छठ पर्वको अर्को महत्त्वपूर्ण पक्ष प्रकृतिप्रतिको सम्मान र संरक्षण हो । सूर्य, जल, भूमि, वनस्पति तथा कृषि उत्पादनलाई महत्व दिइने यस पर्वले मानव जीवन प्रकृतिसँग अभिन्न रूपमा जोडिएको सन्देश दिन्छ । सूर्यलाई अर्घ्य अर्पण गर्ने परम्पराले पानी र वातावरणको महत्वलाई स्मरण गराउँछ । सूर्यको प्रकाशबिना कृषि उत्पादन र मानव जीवन सम्भव नहुने भएकाले किसानले वर्षभरि मिहेनत गरेर उत्पादन गरेका अन्न तथा फलफूल सूर्यदेवलाई अर्पण गरी प्रकृतिप्रति कृतज्ञता व्यक्त गर्छन् । जनकपुरधाम का गङ्गासागर, धनुषसागर, राम सागर, रत्नसागर, विहारकुण्ड, रुक्मिणी सरोवर, अरगजा, महाराज सागर र अग्निकुण्ड लगायतका ऐतिहासिक जलाशय छठ पर्वका बेला श्रद्धालुले भरिने गर्छन् । यस्ता जलाशयको सरसफाइ, संरक्षण र व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता बढ्ने गरेको छ । छठले सफा जलाशय, स्वच्छ वातावरण र सामूहिक जिम्मेवारीको महत्व पनि उजागर गर्छ । अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर जीवनका कठिनाइप्रति धैर्य र उदाउँदो सूर्यलाई अर्घ्य दिएर नयाँ आशा तथा सम्भावनाको स्वागत गर्ने यस पर्वले मानव जीवनमा समानता, सहअस्तित्व र प्रकृतिप्रतिको कृतज्ञताको अनुपम सन्देश दिँदै आएको छ ।

मधुमेह (डायबिटिज) बाट बचौं

मधुमेहले,
- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु, मृगौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउन सक्छ ।



मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्कफुड, प्रशोधित तथा तारेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं ।

तनाव व्यवस्थापन, नियमित व्यायाम एवम् स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार,
विज्ञापन बोर्ड

निधि भवन राजर्षी जनक विश्वविद्यालयलाई हस्तान्तरण

जनकपुर । सरकारले जनकपुरधा मस्थित महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक भवन राजर्षी जनक विश्वविद्यालयलाई हस्तान्तरण गरेको छ ।

सरकारको निर्णयअनुसार भवनका सम्पूर्ण भौतिक संरचना विश्वविद्यालयलाई हस्तान्तरण गरिएको हो । भवन प्राप्त भएसँगै स्थापनाको नौ वर्षदेखि भाडाको घरबाट सञ्चालन हुँदै आएको विश्वविद्यालयले आफ्नै शैक्षिक तथा प्रशासनिक गतिविधि सञ्चालन गर्ने पूर्वाधार पाएको छ ।

विश्वविद्यालय र निधि भवन दुवैको स्थापनामा भूमिका निर्वाह गर्नुभएका पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले शनिबार भवनको अवलोकन गर्नुभयो । सो अवसरमा उहाँले भवन हस्तान्तरणबाट विश्वविद्यालयको शैक्षिक गतिविधि विस्तारमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै खुसी प्रकट गर्नुभयो । उहाँले दुवै संस्थालाई एउटै छातामुनि राख्ने आफ्नो चाहना पूरा भएको उल्लेख गर्दै सङ्घीय सरकारको निर्णयप्रति आभार व्यक्त गर्नुभयो ।

विश्वविद्यालयले भवनलाई शैक्षिक तथा प्रशासनिक गतिविधिका साथै मिथिला कला, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धनमा उपयोग गर्ने जनाएको छ । चालु वर्ष भवनमा तीनवटा अन्तरराष्ट्रिय सम्मेलन आयोजना गर्ने तयारीसमेत गरिएको छ ।

अत्याधुनिक सभाहल र दुईतले प्रशासनिक भवनलगायतका संरचना रहेको निधि भवन विश्वविद्यालयको शैक्षिक गतिविधि विस्तारमा उपयोग हुने अपेक्षा गरिएको छ ।

भन्सार छलिका १६ लाखभन्दा बढीको अवैध सामान बरामत

वीरगञ्ज । सशस्त्र प्रहरी बल, नेपाल पर्साद्वारा रु १६ लाखभन्दा बढीको अवैध सामान बरामत गरेको छ ।

सशस्त्र प्रहरी बल, नेपाल नं.१३ गण हेड क्वाटर पर्सा तथा मातहत कार्यालयबाट खटिएको टोलिले शनिबार भारतबाट अवैध रूपमा भन्सार छली विभिन्न सवारीसाधनमा लोड गरी नेपालतर्फ ल्याउँदै गरेको सो रकम बराबरको अवैध सामान वीरगञ्ज भन्सार कार्यालयमा दाखिला गर्नुका साथै नष्ट गरिएको सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज क्षेत्रीले जानकारी दिनुभयो । सशस्त्र प्रहरीले रु एक लाख ४३ हजार ४५१ बराबरको भिटामिन औषधी, विन्दवासिनी गाउँपालिका-३ झौवागुठीस्थित विओपि अमरपट्टीबाट खटिएको टोलीले भारतबाट अवैध रूपमा भन्सार ल्याउदै गरेको एक लाख दश हजार बराबरको कपडाहरु बरामद गरि वीरगञ्ज भन्सार कार्यालय पर्सामा बुझाएको छ । साथै जिल्ला बारा र पर्साको सीमा नजिक छाप्रोमा भन्सार छलि ल्याई कपडाहरु लुकाई छिपाई राखेको विषेश सूचनाको आधारमा सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हेड क्वाटर पर्सा र नम्बर १२ गण हेड क्वाटर बाराबाट खटिएको संयुक्त टोलीले खानतलासी गरि नौ लाख ७० हजार बराबरको कपडा बरामद गरि भन्सार बुझाइएको छ । त्यसैगरि मातहत कार्यालयबाट खटिएको टोलीले विभिन्न स्थानबाट रु चार लाख पाँच हजार ५९० बराबरको मोटर साइकल, औषधि, तरकारी, जुत्ता, अगरबत्ती, नरिवल लगायतका विभिन्न सामान बरामद गरी वीरगञ्ज भन्सार कार्यालय पर्सामा बुझाएको छ ।

विओपी प्रसौनीभाट्टाबाट खटिएको टोलीले नेपालबाट भारततर्फ अवैध रुपमा लैजाँदै गरेको रु १२ हजार बराबरको ६० लिटर घरेलु मदिरा बरामद गरि आवश्यक प्रक्रिया पुर्याइ नष्ट गरिएको छ ।

महिला अन्तरराष्ट्रिय गोल्डकप सुरु

सुनसरी । डी-१९ क्लब धरान उपमहानगरपालिका-१९ को आयोजनामा हुने 'प्रथम धरान महिला अन्तरराष्ट्रिय गोल्डकप-२०८३' धरान रङ्गशालामा शनिबार साँझ ६:०० बजेदेखि रात्रिकालीन रूपमा सञ्चालन हुँदैछ ।

धरानमा पहिलो पटक आयोजना हुन लागेको रात्रिकालीन महिला अन्तरराष्ट्रिय गोल्डकप फुटबल प्रतियोगिताको उद्घाटन खेलमा विभागीय टोली सशस्त्र प्रहरी बल एपिएफ क्लब र भारतको आक्वा फुटबल क्लब राँचीबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा भारतसहित आठ टोली सहभागी छन् । जसमा एपिएफ क्लब, नेपाली आर्मी, नेपाल पुलिस क्लब, बागमती फुटबल क्लब, उदयपुर फुटबल क्लब, भारतको आक्वा फुटबल क्लब राँची झारखण्ड, काँकडभिट्टा महिला फुटबल क्लब र आयोजक स्वर्णिम फुटबल क्लब धरान रहेको क्लबका अध्यक्ष तथा प्रतियोगिता संयोजक सन्तोष राईले जानकारी दिनुभयो ।

सो क्रममा उहाँका अनुसार प्रतियोगिताका सबै खेल रात्रिकालीन रूपमा सञ्चालन गर्न धरान रङ्गशालामा अस्थायी फ्लडलाइट जडान गरिएको छ । प्रतियोगिताको विजेताले रु पाँच लाखसहित ट्रफी र उपविजेताले रु तीन लाख पुरस्कार प्राप्त गर्नेछन् । प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई रु १० हजार प्रदान गरिनेछ ।

सर्वोत्कृष्ट खेलाडीलाई विद्युतीय स्कुटर प्रदान गरिनेछ भने व्यक्तिगत विधातर्फ उत्कृष्ट हुने खेलाडीलाई जनही रु १५ हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

यसअघि धरानमा गोधूली कप फुटबल प्रतियोगिता एक पटक रात्रिकालीन रूपमा सञ्चालन गरिएको थियो ।

अनेसास नेपाल च्याप्टर र कागेश्वरी पुस्तकालयद्वारा ११८औँ देवकोटा जयन्ती भव्य रूपमा सम्पन्न



काठमाडौं । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) नेपाल च्याप्टर र कागेश्वरी पुस्तकालयको संयुक्त आयोजनामा ११८औँ महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्ती तथा काव्य वाचन कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ ।

कार्यक्रम कागेश्वरी पुस्तकालय परिसरमा रहेको महाकवि देवकोटा, हास्यव्यंग्य शिरोमणि भैरव अर्याल र आख्यान शिरोमणि रमेश विकलको पूर्ण कदको सालिकलाई साक्षी राखेर गरिएको थियो । साहित्यिक वातावरणमा आयोजित उक्त कार्यक्रममा महाकवि देवकोटाको साहित्यिक योगदानको स्मरण गर्दै उहाँको व्यक्तित्व, कृतित्व र नेपाली साहित्यमा पुऱ्याउनुभएको अतुलनीय योगदानमाथि चर्चा गरिएको थियो । कार्यक्रममा तीन पुस्ताका साहित्यिक प्रतिभा, स्थानीय साहित्यप्रेमी, अनेसासका पदाधिकारी तथा विभिन्न साहित्यिक संस्थाका प्रतिनिधिको उल्लेख्य सहभागिता रहेको थियो । अनेसास नेपाल च्याप्टरकी अध्यक्ष मञ्जिला अनिल तथा कागेश्वरी पुस्तकालयका अध्यक्ष कुमार खड्काको संयुक्त सभापतित्वमा सम्पन्न कार्यक्रममा संविधानसभा सदस्य माननीय रामेश्वर फुयाँल प्रमुख अतिथि रहेका थिए भने त्रिभुवन विश्व-विद्यालयको नेपाली विभागका पूर्वप्रमुख प्रा.डा. खगेन्द्र लुइटेल विशिष्ट अतिथिका रूपमा उपस्थित थिए । त्यसैगरी विशेष अतिथिहरूमा अनेसासका पूर्वकेन्द्रीय अध्यक्ष राधेश्याम लेकाली, केन्द्रीय वरिष्ठ उपाध्यक्ष तारा अधिकारी, केन्द्रीय सचिव ऋषभदेव घिमिरे, केन्द्रीय सदस्य राजेन्द्र केसी, अनेसास पुस्तक पुरस्कार समितिका पूर्व अध्यक्ष गोपी उप्रेती, अनेसास बेलायत च्याप्टरकी उपाध्यक्ष माया गुरुङ, अनेसास क्यालिफोर्निया च्याप्टरका सदस्य वासुदेव घिमिरे, नेपाल च्याप्टरका पूर्वकोषाध्यक्ष किशोर श्रेष्ठ तथा कागेश्वरी मनोहरा नगरपालिका वडा नं. २ का अध्यक्ष सुरज खड्काको उपस्थिति रहेको थियो ।

कार्यक्रममा कागेश्वरी पुस्तकालयका पूर्वअध्यक्ष विष्णुप्रसाद फुयाँल, अभिनव साहित्य समाजका अध्यक्ष गोविन्द घिमिरे 'वेदमणि', बाजुराम पौडेल, कागेश्वरी मनोहरा नगरपालिका वडा नं. २ का वडा सदस्य प्राणनाथ फुयाँल, समाजसेवी तथा शिक्षक राजकुमार फुयाँल, अच्युत प्याकुरेल, सुभद्रा फुयाँल, अभिकेशर वलीलगायत विभिन्न क्षेत्रका साहित्यप्रेमी तथा व्यक्तित्वको सहभागिता थियो। स्थानीय साहित्य कार, अनेसास नेपाल च्याप्टरका कार्यसमिति पदाधिकारी, सदस्यहरू आजीवन सदस्य तथा विशिष्ट साहित्यकार हरूको उल्लेख्य उपस्थिति बीच पुस्तकालयका पूर्वअध्यक्ष विष्णुप्रसाद फुयाँलले स्वागत मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको उद्घाटन प्रमुख अतिथि तथा विशिष्ट अतिथिहरूले गमलामा जल अर्पण गरेर गरेका थिए । त्यस अवसरमा महाकवि लक्ष्मीप्रसाद देवकोटा, आख्यान शिरोमणि रमेश विकल तथा हास्यव्यङ्ग्य शिरोमणि भैरव अर्यालका पूर्णकदका सालिक मा माल्यार्पण गरी श्रद्धासुमन अर्पण गरिएको थियो ।

कार्यक्रमको उद्देश्य, औचित्य र महत्वमाथि प्रकाश पार्दै अनेसास नेपाल च्याप्टरकी अध्यक्ष मञ्जिला अनिलले देवकोटाको साहित्यिक योगदानलाई नयाँ पुस्तासम्म पुऱ्याउनुका साथै साहित्यिक संस्थाहरूबीच सहकार्य र स्थानीय साहित्यिक गतिविधिलाई प्रोत्साहन गर्नु कार्यक्रमको प्रमुख उद्देश्य रहेको बताइन् । यसै क्रममा अनेसास नेपाल च्याप्टर का तर्फबाट कागेश्वरी पुस्तकालय लाई साहित्य लगायत विभिन्न विधाका करिब १५० थान पुस्तक हस्तान्तरण गरिएको थियो । यस कार्यलाई पुस्तकालयको अध्ययन संस्कृति अभिवृद्धि र साहित्यिक सम्पदा विस्तारमा अनेसासले गरेको महत्वपूर्ण सहयोगका रूपमा लिइएको छ ।

कार्यक्रममा अनेसास नेपाल च्याप्टरकी कोषाध्यक्ष कमला रिसालले महाकवि देवकोटाका काव्यपङ्क्तिहरूलाई सुमधुर स्वरमा प्रस्तुत गर्दै उपस्थित अतिथिहरू तथा सहभागीलाई स्वागत गरेकी थिइन्। त्यसपछि सुरु भएको काव्य वाचन सत्रमा ३० जनाभन्दा बढी साहित्यकारले महाकवि देवकोटा प्रति समर्पित कविता, गीत तथा साहित्यिक रचनाहरू प्रस्तुत गरेका थिए । रचनाहरूमा देवकोटाको बहुआयामिक व्यक्तित्व, मानवीय संवेदना, प्रकृतिप्रेम, राष्ट्रचेतना, जीवनदर्शन र साहित्यिक उचाइका विविध पक्ष अभिव्यक्त भएका थिए । कविता वाचन गर्ने साहित्यकार हरूमा अच्युत प्याकुरेल, सरस्वती खड्का, द्वारिका चालिसे, शुशीला आचार्य, दिवाकर न्यौपाने, जीत कार्की, अविकेशर ओली, राजेश पोखरेल, कृष्णप्रसाद पौडेल 'जस्ताघरे', शान्ति पौडेल, योगेश्वर घोरासैनी, वासुदेव पौड्याल, रत्ननिधि रेग्मी, सशिता फुयाल, पार्वती भट्ट, पुस्कर प्याकुरेल, ऋषिराम अर्याल, राजेशमान केसी, रूपा रिसाल, केवरा भट्टराई, मनिला वन्त, श्रीकृष्ण सिंखडा, डा. बद्री पोखरेल, देवकी तिमल्सिना, शोभा अधिकारी, मुरारी सिग्देल तथा प्रकाश बस्नेत 'गफाडी'लगायत थिए। सहभागी कविहरूका प्रस्तुतिले कार्यक्रमलाई सिर्जनात्मक, भावनात्मक र साहित्यिक रूपमा थप जीवन्त बनाएको थियो । अनेसास केन्द्रीय सदस्य राजेन्द्र केसी, केन्द्रीय सचिव ऋषभदेव घिमिरे, वरिष्ठ उपाध्यक्ष तारा अधिकारी, पूर्वकेन्द्रीय अध्यक्ष राधेश्याम लेकाली, पुस्तक पुरस्कार समितिका अध्यक्ष गोपी उप्रेती, अभिनव साहित्य प्रतिष्ठानका अध्यक्ष गोविन्द घिमिरे 'वेदमणि' तथा विशिष्ट अतिथि प्रा.डा. खगेन्द्र लुइटेलले महाकवि देवकोटाको बहु-आयामिक व्यक्तित्व, सिर्जनात्मक सामर्थ्य, साहित्यिक योगदान र नेपाली समाजमा उहाँले छोड्नु भएको अमिट प्रभावमाथि प्रकाश पारेका थिए ।

पाकिस्तानको बाढी पुनःस्थापनाको अनुभवबाट नेपालले सिक्न सक्ने

अन्ताल्या (टर्किए) । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले भोटेकोशी-त्रिशूली बाढीबाट प्रभावित समुदाय को पुनःस्थापना तथा पुनर्निर्माणका लागि नेपालले जोखिममा आधारित योजना अघि बढाएको बताउनुभएको छ ।

कोप-३१ सम्मेलन स्थलमा रहेको पाकिस्तान प्याभिलियनमा शनिबार आयोजित 'समुदायको नेतृत्वमा तथ्याङ्कमा आधारित जलवायु अनुकूलनको विस्तार' विषयक छलफलमा उहाँले बाढी प्रभावितको पुनःस्थापनाका लागि नेपालले गरिरहेका पहल र प्रक्रियाबारे जानकारी गराउनुभयो ।

डा उप्रेतीका अनुसार प्रभावित क्षेत्रको भौगर्भिक तथा बाढी जोखिम आकलन, सुरक्षित स्थानको पहिचान र स्थायी आवास निर्माणका लागि लाभग्राही छनोटको प्रक्रिया अघि बढाइएको छ । प्रभावितलाई आवास निर्माणका लागि जग्गा उपलब्ध गराउने तथा बाढीबाट प्रभावित निजी जग्गासँग सरकारी जग्गा साट्ने विषयमा छलफल भइरहेको उहाँले बताउनुभयो ।

प्रभावित परिवारलाई बसोबास तथा जीविकोपार्जनका लागि मासिक खर्च उपलब्ध गराउने निर्णय भएको जानकारी दिँदै उहाँले पुनःस्थापना प्रक्रियामा जोखिम मूल्याङ्कनलाई प्राथमिकता दिइएको उल्लेख गर्नुभयो । "नेपालले जोखिमसम्बन्धी ज्ञान तथा पूर्वसूचना प्रणालीलाई योजना निर्माणको आधारका रूपमा आत्मसात् गरेको छ । भौगर्भिक जोखिम, बाढीजन्य जोखिम तथा तिनका शृङ्खलाबद्ध असरको बहुप्रकोपीय जोखिम आकलन सुरु गरिएको छ", उहाँले भन्नुभयो ।

उहाँले सन् २०२२ मा पाकिस्तानमा आएको विनाशकारी बाढीपछि हजारौँ प्रभावितको पुनःस्थापना तथा पुनर्निर्माणका क्रममा हासिल भएका अनुभव र सिकाइबाट नेपालले लाभ लिनसक्ने धारणा राख्नुभयो ।

छलफलमा पाकिस्तानी प्रतिनिधिहरूले सन् २०२२ को बाढीपछिको पुनःस्थापना तथा पुनर्निर्माणका अनुभव, चुनौती र सिकाइ प्रस्तुत गर्नुभएको थियो ।

छठ पर्वलाई मर्यादित रूपमा मनाउन पर्सा प्रशासनको अपिल

वीरगञ्ज (पर्सा) । जिल्ला प्रशासन कार्यालय (जिप्रका) पर्साले छठ पर्वलाई भव्य, सभ्य, सुरक्षित र मर्यादित रूपमा सम्पन्न गर्न अपिल गरेको छ ।

प्रमुख जिल्ला अधिकार भोला दाहालले शनिबार आस्था, विश्वास र सद्भावको महान् पर्व छठको अवसरमा शुभकामना व्यक्त गर्दै छठ पर्वको समयमा आगलागी तथा अन्य मानवीय एवं भौतिक क्षति हुन नदिन सबैमा अपिल गर्नुभएको हो ।

उहाँले भन्नुभयो, "छठ पर्वको समयमा आगलागी तथा अन्य मानवीय एवं भौतिक क्षति हुन नदिन पटका, आतिसबाजी जस्ता प्रज्वलन शील तथा विष्फोटकजन्य पदार्थको ओसारपसार, बिक्री वितरण तथा प्रयोग नगर्न र नगराउन अनुरोध गरिन्छ, यस्ता कार्य गरेको पाइएमा प्रचलित कानुन बमोजिम कडा कारबाही गरिनेछ ।"

जिप्रकाले छठ घाट तथा पोखरीमा पूजाआजा तथा अर्घ्य दिने क्रममा बालबालिका, वृद्धवृद्धा तथा सर्वसाधारण मानिसहरू डुब्न सक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै उच्च सतर्कता अपनाउनुहुन अनुरोध गरिएको छ ।

यसका साथै सो क्रममा सम्भावित विपद् तथा दुर्घटनाको तत्काल उद्धारका लागि आवश्यक उपकरणसहित सुरक्षाकर्मी हरू तयारी अवस्थामा रहने व्यहोरासमेत जानकारी गराएको छ ।

कार्यालयले विभिन्न छठ पूजा व्यवस्थापन समितिको अनुरोधलाई मध्यनजर गर्दै पर्वको धार्मिक मर्यादा र पवित्रता कायम राख आज र भोलि २९ गते छठ पूजास्थल तथा घाट वरिपरिको क्षेत्रमा माछा, मासुलगायत सम्पूर्ण मादकपदार्थको बिक्री वितरण तथा सेवन कार्य पूर्ण रूपमा बन्द गर्न/गराउन सूचितसमेत गरेको छ । अपिलमा भनिएको छ, "पर्व अवधिभर शान्ति सुरक्षालाई चुस्त एवं सुदृढ बनाउन स्थानीय प्रशासन, सुरक्षा निकाय र छठ पूजा व्यवस्थापन समितिसँग आवश्यक समन्वय गरी सभ्य समाजको परिचय दिनुहुन सबैमा हार्दिक अपिल गरिन्छ ।"

प्रत्युष National Daily राष्ट्रिय दैनिक

नेपालका २५ लाख हेक्टर वनमा कार्बन कार्यक्रम विकास गरिने सहमति

अन्ताल्या (टर्किए), २८ कात्तिक : नेपाल सरकार र विश्वव्यापी जलवायु समाधान प्रदायक संस्था साउथ पोलबीच कोशी, कर्णाली र सुदूरपश्चिम प्रदेशका २५ लाख हेक्टरभन्दा बढी वन क्षेत्रमा कार्बन कार्यक्रम विकास गर्ने सहमति भएको छ ।

कोप-३१ का अवसरमा कृषि, वन तथा पर्यावरण मन्त्रालय र साउथ पोलबीच शनिबार भएको सहमतिअनुसार क्षेत्रगत वन कार्बन कार्यक्रम (जे-रेड्ड प्लस) विकास गरिनेछ । सुरुमा तीन प्रदेशमा सञ्चालन गरिने कार्यक्रम क्रमश: देशभर विस्तार गर्ने लक्ष्य राखिएको छ ।

आर्किटेक्चर फर रेड्ड प्लस ट्रान्ज्याक्सन्स (एआरटी) को ट्रिज मापदण्डअनुसार विकास गरिने कार्यक्रमले वन विनाश तथा क्षयीकरणबाट हुने हरितगृह ग्यास उत्सर्जन घटाउने, दिगो वन व्यवस्थापन प्रवर्द्धन गर्ने र वन डढेलो नियन्त्रणमा सुधार गर्ने लक्ष्य राखेको छ । कार्यक्रमअन्तर्गत अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनको अन्त-राष्ट्रिय उड्डयनका लागि कार्बन अफसेटिङ तथा न्यूनीकरण योजना (कोर्सिया) र पेरिस सम्झौताको धारा ६ अन्तर्गत अन्तरराष्ट्रिय बजारमा बिक्री गर्न सकिने वन कार्बन क्रेडिट उत्पादन गरिनेछ ।

सहमति अनुसार नेपाल सरकार र साउथ पोलले कार्यक्रम सञ्चालनका लागि आवश्यक नीतिगत तथा नियामक संरचना, कार्बन तथा भूमिसम्बन्धी अधिकार, सुरक्षा मापदण्ड, लाभ बाँडफाँट र स्थानीय समुदायको स्वतन्त्र, पूर्वसूचित तथा सुसूचित सहमति सुनिश्चित गर्ने प्रक्रिया विकास गर्नेछन् ।

साउथ पोलले कार्यक्रमको प्राविधिक डिजाइन, लगानी संरचना, मिश्रित वित्त परिचालन तथा कार्बन क्रेडिटको अन्तरराष्ट्रिय बजार व्यवस्थापनमा सहयोग गर्नेछ । उत्पादित कार्बन क्रेडिटलाई कोर्सिया र पेरिस सम्झौताको धारा ६ अन्तर्गतका अन्तर्राष्ट्रिय खरिदकर्ता सँग जोड्ने सहमतिमा उल्लेख छ।

कृषिमन्त्री गीता चौधरीले सामुदायिक वन व्यवस्थापन र संरक्षणमा नेपालले अन्तर्राष्ट्रिय पहिचान बनाएको उल्लेख गर्दै यस सहकार्यले वन तथा पारिस्थितिक प्रणाली संरक्षणका लागि अन्तर्राष्ट्रिय जलवायु वित्त परिचालनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले वनमा आश्रित आदिवासी तथा स्थानीय समुदायको संरक्षण, डढेलोको जोखिम न्यूनीकरण तथा युवा र महिलाका लागि दिगो आर्थिक अवसर सिर्जना गर्न कार्यक्रम उपयोगी हुने बताउनुभयो । मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले तीन प्रदेशका २५ लाख हेक्टरभन्दा बढी वन क्षेत्र समेट्ने कार्यक्रम संयुक्त रूपमा विकास गर्न लागिएको जानकारी दिनुभयो। उहाँका अनुसार दिगो वन व्यवस्थापन र पर्वतीय जलाधार संरक्षणका कार्यक्रममार्फत गरिब तथा सीमान्तकृत आदिवासी समुदायको जीविकोपार्जनका अवसर विस्तार गरिनेछ । साउथ पोलका प्रमुख कार्यकारी अधिकृत नादिया काद्दुरीले सन् २०२७ मा कोर्सियाको दोस्रो चरण सुरु हुनुअघि उच्च गुणस्तरका वन कार्बन क्रेडिटको आपूर्ति बढाउनुपर्ने बताउनुभयो । उहाँले नेपालको वन संरक्षणसम्बन्धी दृष्टिकोण र जलवायु प्राथमिकतामा निजी लगानी, प्राविधिक क्षमता तथा अन्तरराष्ट्रिय बजारको पहुँच जोड्न सहकार्यले सहयोग गर्ने उल्लेख गर्नुभयो। अन्तराष्ट्रिय हवाई यातायात सङ्गका अनुसार कोर्सियाअन्तर्गत दायित्व पूरा गर्न विमान कम्पनीहरू लाई हाल उपलब्ध आपूर्तिभन्दा तीन गुणाभन्दा बढी योग्य कार्बन एकाइ आवश्यक पर्ने विज्ञप्तिमा जनाइएको छ । सन् २०२७ मा योजनाको दोस्रो चरण सुरु हुने भएकाले वनसम्पन्न मुलुकका लागि अन्तरराष्ट्रिय जलवायु वित्त परिचालनको अवसर रहेको साउथ पोलको भनाइ छ। सन् २००६ मा स्थापना भएको साउथ पोलले विश्वभर तीन हजार पाँच सयभन्दा बढी संस्थालाई सेवा दिँदै आएको छ। संस्थाका अनुसार यसको पोर्टफोलियो मा ८५० भन्दा बढी कार्बन परियोजना छन् भने हालसम्म २० करोड मेट्रिक टनभन्दा बढी कार्बन डाइअक्साइड उत्सर्जन न्यूनीकरणमा सहयोग पुर्याएको छ । यस सहकार्यबाट वन संरक्षण, जलवायु अनुकूलन तथा वनमा निर्भर समुदायको जीविको पार्जनमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

पर्यटन सर्किटमा जोडेर प्रदेशका धार्मिक तथा पर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धन गरिनेछ : मुख्यमन्त्री भट्ट

सुदूरपश्चिम। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले प्रदेशका प्रमुख धार्मिक तथा पर्यटकीय स्थललाई एकीकृत पर्यटन सर्किटमा जोडेर विकास तथा प्रवर्द्धन गरिने बताउनुभएको छ ।

बडीकेदार क्षेत्र पर्यटन विकास समिति, डोटीले बडीकेदार धार्मिक पर्यटन जात (मेला)बारे जानकारी दिन शनिबार धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलन मा उहाँले डोटीको प्रसिद्ध धार्मिकस्थल बडीकेदारलाई पनि सोही सर्किटमा जोडेर विकास गर्ने प्रदेश सरकारको योजना रहेको बताउनुभयो । मुख्यमन्त्री भट्टले बडीकेदारको धार्मिक, ऐतिहासिक र प्राकृतिक महत्वलाई उजागर गर्दै आवश्यक पूर्वाधार विकास, प्रचारप्रसार र प्रवर्द्धनमा प्रदेश सरकारले प्राथमिकता दिने उल्लेख गर्नुभयो । धार्मिक तथा प्राकृतिक पर्यटनको पर्याप्त सम्भावना बोकेको बडीकेदारमा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्नसके स्थानीय स्तरमा आयआर्जन र रोजगारीका अवसरसमेत सिर्जना हुने उहाँको भनाइ थियो ।

"सुदूरपश्चिममा धार्मिक पर्यटनलाई स्थानीय आयआर्जन, रोजगारी र आर्थिक समृद्धिसँग जोडेर लाभ लिनुपर्ने आवश्यकता छ । त्यसका लागि स्थानीय जनता, जनप्रतिनिधि, पर्यटन व्यवसायी तथा सरोकारवाला सबैको सहकार्य आवश्यक छ", मुख्यमन्त्री भट्टले भन्नुभयो । आगामी मङ्सिर ५, ६ र ७ गते बडीकेदार मेला हुँदैछ । मेलाका अवसरमा नारीडाँडा, फुडसिल, बोगटानका क्षेत्र, घाँटुल, मान्नाकापडी, अलाडी तथा कैलालीको चुरे र मोहन्याल क्षेत्रका विभिन्न देवताका देउरो (भाँकी) सहित केदार गाथा गाउने धार्मिक परम्परा रहेको विकास समितिका अध्यक्ष उपेन्द्र बमले जानकारी दिनुभयो । यहाँ कार्तिक त्रियोदशीका दिन राति मेला लाग्ने र चतुर्दशीका दिन बिहान बडीकेदार शीलाको विशेष पूजा हुने गरेको उहाँले बताउनुभयो । बडीकेदार धाम सुदूरपश्चिमका प्रमुख शक्तिपीठमध्ये पर्दछ। यहाँ कुनै मन्दिर र त्यसभित्र मूर्ति नभई प्राकृति चट्टान रहेकाले विशेष महत्वका साथ हेर्ने गरिएको पर्यटन विकास समितिका कार्यकारी अधिकृत गणेशराज जोशीले बताउनुभयो ।

उक्त धाम पुग्न धनगढीबाट भीमदत्त राजमार्ग हुँदै सहजपुर-बिपीनगर-बडुखोली-अतरकाँडा भएर करिब ११६ किलोमिटर सडक यात्रा गर्नुपर्छ ।

अतरकाँडाबाट करिब दुई घण्टाको उकालो पैदल यात्रा गरेपछि धाम पुग्न सकिन्छ । पछिल्लो समय त्यहाँ पक्की सिँढी निर्माण गरिएकाले तीर्थयात्रीलाई आवतजावतमा सहज भएको आयोजकले जनाएको छ ।

गाउँमै उद्यम र रोजगारी सिर्जना गर्ने सम्भावना खोज्दै विद्यार्थी

कास्की । माछापुच्छे गाउँपालिका-८ लुम्रेका विद्यार्थीले स्थानीय स्रोत साधनको उपयोग गरी गाउँमै उद्यम र रोजगारी सिर्जना गर्ने सम्भावना खोज्न थालेका छन् । तारेबराह आधारभूत विद्यालयमा शनिबार आयोजित उद्यमशीलतासम्बन्धी अन्तरक्रियामा विद्यार्थीले बाँस तथा अल्लोबाट हस्तकलाका सामग्री उत्पादन, होमस्टे सञ्चालन, कृषि पर्यटन र लघु जलविद्युत् आयोजना सञ्चालन लगायतका सम्भावना पहिचान गरेका हुन् ।

माछापुच्छे र मर्दी हिमालको काखमा रहेको लुम्रेमा आयोजित कार्यक्रममा विद्यार्थीले गाउँमै सीप सिक्ने अवसर र उद्यम सञ्चालनका लागि आवश्यक सहयोगको मागसमेत गरेका थिए । तारेबराह आधारभूत विद्यालयकी पूर्वविद्यार्थी सुगन श्रेष्ठले सामान्य कम्प्युटर सीप सिक्न पनि पोखरा पुग्नुपर्ने र रु १२ हजारसम्म खर्च गर्नुपर्ने अवस्था रहेको बताउँदै गाउँमै कम्प्युटर तालिम तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले उद्यमशीलतासम्बन्धी अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिई गाउँमै सिक्ने, काम गर्ने र उद्यमी बन्ने वातावरण बनाउनुपर्ने बताउनुभयो ।

तारेबराहसहित गौरीशङ्कर मनिलाल माध्यमिक विद्यालय, निष्पक्ष माध्यमिक विद्यालय र बराह माध्यमिक विद्यालयका ३७ विद्यार्थी सहभागी कार्यक्रममा अमेरिकाको युनिभर्सिटी अफ कोलोराडो बोल्डरका प्राध्यापक तथा उद्यमी टम भिर्डेन र सामुदायिक विकास अभियन्ता लोइस श्याननले सहजीकरण गर्नुभएको थियो ।

विद्यार्थीले गाउँमा उत्पादन हुने कोदो, धान, चिया, अलैँची, भाँगो र महको प्याकेजिङ तथा ब्रान्डिङ गरी बजारमा पुर्याउन सकिने सम्भावना बारे पनि धारणा राखेका थिए। स्थानीय संस्कृति र खानपानलाई समेटेर होमस्टे सञ्चालन तथा कृषि पर्यटन प्रवर्द्धन गर्न सकिने उनीहरूको भनाइ थियो।

प्राध्यापक भिर्डेनले उद्यम सुरु गर्न ठूलो पुँजी वा विशेष अवसर आवश्यक नपर्ने बताउँदै आफ्नो समुदायका समस्या र आवश्यकता पहिचान गरेर व्यवसायको सुरुआत गर्न सकिने धारणा राख्नुभयो । सानो प्रयासबाट काम थाल्ने, असफलताबाट सिक्ने र स्थानीय स्रोतसाधनको उपयोग गर्ने सोच उद्यमशीलताका आधार भएको उहाँले बताउनुभयो ।

सो अवसरमा तारेबराह आधारभूत विद्यालयकी प्रधानाध्यापक लक्ष्मी गुरुङले यस्ता कार्यक्रमले ग्रामीण क्षेत्रका विद्यार्थीमा नयाँ सोच र आत्मविश्वास विकास गर्न सहयोग पुग्ने बताउनुभयो। उहाँले विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला (आइसिटी ल्याब) स्थापना गर्न सके आसपासका क्षेत्रका विद्यार्थी तथा युवा लाभान्वित हुने बताउनुभयो ।

कर्मफ्लाइट्स फाउन्डेसन नेपालका राष्ट्रिय निर्देशक प्रेमबहादुर कुँवरले गाउँमा अवसर छैन भन्दै बाहिरिनुभन्दा स्थानीय सम्भावना पहिचान गरी आफ्नै ठाउँमा उद्यम र रोजगारी सिर्जना गर्न सकिने सन्देश कार्यक्रमले दिएको बताउनुभयो । फाउन्डेसनका केन्द्रीय सचिव कुलप्रसाद अधिकारी र कर्मही घर्ती मगरको समन्वय तथा फिरन्तेज एक्सपिडिसनका व्यवस्थापक पाउला र कुमार तामाङको स्थानीय सहजीकरणमा कार्यक्रम सम्पन्न भएको थियो ।

रास्वपा र सरकारबीच विवाद छैन : सभापति लामिछाने

धनुषा । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टी र सरकारबीच कुनै विवाद नरहेको स्पष्ट पार्नुभएको छ ।

जनकपुरधाममा शनिबार आयोजित छठ पर्वको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले सरकारलाई पार्टीले दिने सुझाव र आलोचनालाई विवाद वा फुटको सङ्केतका रूपमा बुझ्न नहुने बताउनुभयो । पार्टीभित्रको बहस र आलोचना आन्तरिक लोकतन्त्रको अभ्यास भएको उहाँको भनाइ थियो ।

सरकारलाई कहिलेकाहीँ सुझाव र आलोचना दिँदा अनावश्यक हल्ला हुने गरेको उल्लेख गर्दै उहाँले त्यस्ता हल्लामा विश्वास नगर्न आग्रह गर्नुभयो । सरकार आफ्ना प्रतिबद्धता पूरा गर्न केन्द्रित रहेको उहाँले बताउनुभयो । सभापति लामिछानेले यसपटक जनताले रास्वपालाई परिवर्तनको अवसर दिएको उल्लेख गर्दै मधेशका जनताले त्यसको अनुभूति गर्न नसके आगामी निर्वाचनमा आफू मत मागेन नआउने बताउनुभयो । जनतालाई झुक्याएर मत माग्ने राजनीति आफूलाई स्वीकार्य नहुने उल्लेख गर्दै उहाँले प्राप्त अवसरलाई धोका नदिन पार्टीका नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो ।

उहाँले पार्टीको उम्मेदवार बनाइदिने भन्दै केही व्यक्तिले अग्रिम रकम माग्न थालेको सूचना आफूले पाएको बताउनुभयो । रास्वपाले अहिलेसम्म कसैलाई पनि निर्वाचनको टिकट दिने वाचा नगरेको स्पष्ट पार्दै उहाँले टिकट दिलाइदिने प्रलोभनमा रकम माग्ने व्यक्तिबाट सचेत रहन आग्रह गर्नुभयो ।

"उम्मेदवार म बनाइदिन्छु, टिकट म दिलाइदिन्छु भनेर अग्रिम रकम मागिएको सुनिएको छ। म आज यही मञ्चबाट घोषणा गर्दछु कि त्यस्ता सबै अग्रिम रकम डुबे", उहाँले भन्नुभयो। टिकटको प्रलोभन देखाएर रकम माग्ने व्यक्तिविरुद्ध नजिकको प्रहरी कार्यालय मा उजुरी दिन आग्रह गर्दै उहाँले पार्टीको विधि र विधानविपरीत आर्थिक लेनदेन गर्नेबारे सूचना दिनेलाई विशेष सम्मान गरिने बताउनुभयो ।

"मधेशले मालिक खोजेको होइन, सेवक खोजेको हो। हामीले फेर्नुपर्ने हाम्रा सांसदको जीवनशैली होइन, मतदाताको जीवन फेर्नुपर्नेछ", उहाँले भन्नुभयो ।

नयाँ सरकार गठनका लागि मङ्सिर ४ को समय सीमा

जनकपुरधाम । मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले राजीनामा दिएसँगै मधेस प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया शनिबारदेखी अघि बढेको छ ।

प्रदेश प्रमुखको कार्यालयले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्तिका लागि बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई दाबी पेस गर्न आह्वान गरेको छ ।

मधेस प्रदेशका मुख्यमन्त्री यादवले नेपालको संविधानको धारा १६९ को उपधारा (१) को खण्ड (क) बमोजिम मुख्यमन्त्री पदबाट दिएको राजीनामा शनिबार स्वीकृत गर्दै प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले नयाँ सरकार गठनको प्रक्रिया शनिबार (हिजो) देखी अघि बढाइएको हो ।

संविधानको धारा १६८ को उपदफा २ अनुसार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्य मन्त्रीमा नियुक्त गर्ने प्रयोजनका लागि आफ्नो दावी पेस गर्न आज प्रदेश प्रमुखले आह्वान गर्नुभएको छ ।

प्रदेश प्रमुखको कार्यालयले इच्छुक प्रदेशसभा सदस्यलाई २०८३ साल मङ्सिर ४ गते शुक्रबार दिउँसो ४ बजेभित्र मधेश प्रदेशको मुख्यमन्त्री पदमा नियुक्तिका लागि आफ्नो दाबी पेस गर्न समय सीमा तोकेको छ ।

घान्द्रुकदेखी ल्वाङमा पर्यटकको घुइँचो, बास पाउनै मुस्किल

गण्डकी । तिहार र छठको बिदासँगै पर्यटकीय याम उत्कर्षमा पुगेपछि कास्कीका घान्द्रुक, सिक्लेस र ल्वाङ गाउँ पर्यटकले भरिभराउ भएका छन्। आन्तरिक पर्यटकको उल्लेख्य आगमनसँगै यी गाउँका होटल र घरबासमा पाहुनाको चाप बढेको छ। कतिपय पर्यटकले अग्रिम बुकिङ नगर्दा आवास पाउन कठिन भएको छ ।

अन्नपूर्ण गाउँपालिका-१० र ११ मा पर्ने घान्द्रुकमा तिहारको भोलिपल्टदेखि पर्यटकको चहलपहल बढेको हो । घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङका अनुसार अहिले दैनिक तीन हजार चार सयदेखि तीन हजार पाँच सयसम्म पर्यटक गाउँ पुगिरहेका छन् । पर्यटकको चापले होटलमा कोठा पाउन कठिन भएपछि समितिले अग्रिम 'बुकिङ' गरेर मात्र भ्रमणमा आउन आग्रह गरेको छ। घान्द्रुक पुग्नेमा अधिकांश आन्तरिक पर्यटक छन् भने भारतीय तथा अन्य मुलुकका पर्यटकको आगमन पनि भइरहेको छ। अन्नपूर्ण चक्रीय पदमार्गको प्रमुख गन्तव्यका रूपमा रहेको घान्द्रुक अन्नपूर्ण आधार शिविर र पुनहिल-घोरेपानी पदमार्गमा पर्ने भएकाले पदयात्रीका लागि विश्रामस्थलसमेत हो ।

अन्नपूर्ण र माछापुच्छे हिमशृङ्खलाको मनोरम दृश्य, गुरुङ समुदायको मौलिक संस्कृति, गाउँले परिवेश र स्थानीय आतिथ्य घान्द्रुकका मुख्य आकर्षण हुन्। सडक पहुँच विस्तार भएपछि पछिल्लो समय आन्तरिक पर्यटकको आगमन थप बढेको स्थानीय पर्यटन व्यवसायी बताउँछन् । पर्यटन व्यवस्थापन समितिका अनुसार गाउँमा रि सोर्टसहित ८० होटल र ३५ घर बास सञ्चालनमा छन्। गाउँमा पनि पर्यटकको चाप उस्तै छ । पर्यटक सूचना केन्द्रका अनुसार तिहारको भोलिपल्ट एक हजार तीन सय २४ जना पर्यटक सिक्लेस पुगेका थिए । एकैपटक ठूलो सङ्ख्यामा पर्यटक आउँदा होटल व्यवस्थापनमा कठिनाइ भएको स्थानीय व्यवसायीले बताएका छन् ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com